नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः २०७५।७६ शाखाः- मानवश्रोत विकास, योजना तथा अनुगमन मितिः ०७५/८/२६
चलानी नं. ९४

विषयः राष्ट्रिय गोष्ठी सम्वन्धमा

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय (सवै ८१)

प्रस्तुत विषयमा **"सार्वजनिक वित्तीय व्यवस्थापन"** सम्वन्धि कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको राष्ट्रिय गोष्ठी तपशिल बमोजिमको मिति , समय स्थानमा हुने भएको हुँदा उक्त गोष्ठीमा कार्यालय प्रमुख अनिवार्य रुपमा सहभागि हुन यस कार्यालयको मिति २०७५/०७/०४ र २०७५/०७/२५ को निर्णयानुसार अनुरोध छ । उक्त गोष्ठीमा सहभागि हुन आउँदा देहाय बमोजिमका कागजातहरुको Soft copy , Hard copy का साथै संलग्न सूची बमोजिमको विषयमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरु विच एक आपसमा समन्वय गरी प्रस्तुतिकरण तयार , प्रस्तोता छनौट गरी प्रस्तुति गर्ने व्यवस्था मिलाउनु हुन निर्णयानुसार अनुरोध छ । साथै प्रस्तुतिकरण गरिने विषयको Soft copy Email - ( hrdpm.section@fcgo.gov.np) मा २०७५ साल कार्तिक ३० गते भित्र पठाईदिनु हुन समेत अनुरोध छ ।

( जितेन्द्र गिरी )
लेखा अधिकृत

तपशिल

**राष्ट्रिय गोष्ठी संचालन हुने**

मिति :– २०७५ मंसिर २,३ र ४ गते (तीन दिन)
समय :– विहान ८ :१५ वजे
स्थान :– **श्री Karki Banquet, ववरमहल,** काठमाण्डौं

**क . गोष्ठीमा सहभागीहरुले ल्याउनु पर्ने कागजातहरु :-**

- TSA, RMIS को वर्तमान अवस्था समस्या र समाधानका उपायहरु
- आ.ले.प. मा देखिएका समस्या र समाधानका उपायहरु
- वेरुजुको अवस्था
- वित्तीय प्रतिवेदन र सूचना प्रविधिको व्यवस्था
- कार्यालयको कार्यवोझ
- लेखा समूहका कर्मचारी र पदपूर्तिको अवस्था

" निजामती कर्मचारीको प्रतिवद्धता पारदर्शिता र चुस्तता "
पत्र व्यवहार गर्दा प्राप्त पत्रको पत्र संख्या, चलानी सख्या र मिति अनिवार्य उल्लेख गर्नुहोला
अनामनगर, काठमाडौं, फोन-०१ ४७७२९०, ४७७०७४९, ४७७०३५१ ९भहत(२२४०, फ्याक्स. : ०१ ४७७१२९१
Email : info@fcgo.gov.np Web : www.fcgo.gov.np

## ख . गोष्ठीमा प्रस्तुत गरिने विषय तथा को.ले.नि.का.हरुको समूह :-

कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट प्रस्तुतिकरण हुने विषय र सहभागि कोष तथा लेखा नियन्त्रक कार्यालयहरु

| सि. न. | प्रस्तुतिकरणको विषय | सहभागी कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | कै |
|---|---|---|---|
| १ | आन्तरिक नियन्त्रण प्रणालीका समस्या र सुधारका उपायहरु | प्रदेश नम्वर १ अन्तरगतका सवै जिल्लाहरु १४ जिल्ला | संयोजक को. ले. नि. का. मोरङ्ग |
| २ | संघीय संरचनामा वित्तीय व्यवस्थापनलाई सुदृढ पार्ने उपायहरु | प्रदेश नम्वर २ अन्तरगतका सवै जिल्लाहरु ८ जिल्ला | संयोजक को. ले. नि. का. धनुषा |
| ३ | बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने उपायहरु | प्रदेश नम्वर ३ अन्तरगतका सवै जिल्लाहरु १३ जिल्ला | संयोजक को. ले. नि. का. दोलखा |
| ४ | आर्थिक प्रशासनमा संलग्न जनशक्तीको क्षमता विकास | गण्डकी प्रदेश अन्तरगतका सवै जिल्लाहरु ११ जिल्ला | संयोजक को. ले. नि. का. वाग्लुङ्ग |
| ५ | संघीय संरचनामा लेखा समूहको व्यवस्थापन | प्रदेश नम्वर ५ अन्तरगतका सवै जिल्लाहरु १२ जिल्ला | संयोजक को. ले. नि. का. रुपन्देही |
| ६ | वित्तीय प्रतिवेदनलाई प्रभावकारी बनाउने उपायहरु | कर्णाली प्रदेश अन्तरगतका सवै जिल्लाहरु १० जिल्ला | संयोजक को. ले. नि. का. सुर्खेत |
| ७ | नयाँ संरचनामा वित्तीय सूचना प्रणालीमा सुधार | सुदुरपश्चिमांचल प्रदेश अन्तरगतका सवै जिल्लाहरु ९ जिल्लाहरु | संयोजक को. ले. नि. का. कैलाली, धनगढी |

**नोट** :-

- दिइएको विषयबस्तुमा समुहगत अध्ययनको आधारमा वढीमा ७/८ वटा सलाइड र को.ले.नि.का.कार्यगत विषयहरुका २/३ गरी बढीमा १० सलाइडको सामूहिक प्रस्तुती तयार गरी उपस्थित हुनुहुने छ ।
- माथि उल्लेखित विषयहरुमा प्रस्तुतिकरण तयार गर्दा समूहमा परेका को. ले. नि. का. हरुले एक आपसमा समन्वय गरी विषयवस्तु तयार गरी प्रस्तुतिकरण गर्ने गर्नुपर्ने छ
- संयोजक को.ले.नि.का. हरुले समूहका को.ले.नि.का. संग समन्वय गर्नुपर्ने छ ।
- गोष्ठीमा सहभागी हुन आउने कार्यालय प्रमुखको नियमानुसारको दैनिक भ्रमण भत्ता यस कार्यालयबाट व्यहोरीने छ ।
- सरकारी गाडी प्रयोग गर्नेहरुले अनिवार्य रुपमा इन्धनको विल र लग सिट पेश गर्नुपर्ने छ ।

६५०
०७५/६/२३.